# बैठक संख्या (२)

आज मिति २०८१/०५/०९ गतेका दिन यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कार्यपालिकाका अध्यक्ष श्री कर्ण सिह साउदज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिती:-

(गाउँपालिका अध्यक्ष) श्री कर्ण सिह साउद

(गाउँपालिका उपाध्यक्ष) श्री सकुन्तला साउद

(का.वा. वडा अध्यक्ष) श्री देवेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री सुरेन्द्र सिह साउद

(वडा अध्यक्ष) श्री केशव दत्त कलौनी

(वडा अध्यक्ष) श्री धन बहादूर महता

(वडा अध्यक्ष) श्री केशव चन्द

(वडा अध्यक्ष) श्री भरत राम पार्की

(का.पा.सदस्य) श्री धनमती साउद

(का.पा.सदस्य) श्री विमला पार्की

(का.पा.सदस्य) श्री संगिता आउजी

(का.पा.सदस्य) श्री लक्षिमा कुमारी साउद

(का.पा.सदस्य) श्री राजेन्द्र राम दयाल

(का.पा.सदस्य) श्री प्रताप राम तिर्वा

(सदस्य सचिव) श्री नरेन्द्र सिह महता

## आमन्त्रित:-

श्री महेश सिह महता (सूचना प्रविधि अधिकृत)

प्रस्तावहरुः-

१. नियमित बैठकको समिक्षा सम्बन्धमा ।
२. उपभोक्ता समिति गठन तथा सम्झौता सम्बन्धमा ।
३. गाउँपालिकाको दररेट स्वीकृत सम्बन्धमा ।
४. IEE प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
५. वार्षिक खरिद योजना स्वीकृती सम्बन्धमा ।
६. कार्यविधि पारित सम्बन्धमा ।
७. ३ नं. वडा कार्यालयमा तलाबन्दी सम्बन्धमा ।
८. जनश्रमदान सम्बन्धमा ।
९. विभिन्न शाखाहरुको वार्षिक वजेट बाँडफाँड सम्बन्धमा ।

निर्णय नं. (१) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको अघिल्लो कार्यपालिकाका बैठकहरुमाथि आवश्यक समिक्षा गरियो ।

निर्णय नं. (२) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व. २०८१/८२ को वडा / पालिका स्तरीय योजनाहरुको उपभोक्ता समिति गठन तथा सम्झौता २०८१ असौज मसान्तसम्म गर्ने निर्णय गरियो ।

निर्णय नं. (३) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व.२०८१/०८२ को दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. (४) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि आन्तरिक आय तर्फको नागार्जुन घाट र लिस्खण्ड घाटबाट बालुवा उत्खन्न तथा संकलनका लागि तयार गरिएको IEE प्रतिवेदन स्वीकृत गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. (५) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको चालू आ.व.२०८१/०८२ को वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. (६) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको तपसिलका कार्यविधिहरु सर्व सहमतिले पारित गर्ने निर्णय गरियो ।

तपसिलः-

१. शिवनाथ गाउँपालिकाको माल समान लिलाम विक्री सम्बन्धी कार्यविधि, २०८१
२. शिवनाथ गाउँपालिकाको आँखा उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
३. शिवनाथ गाउँपालिकाको कार्यसञ्चालन सम्बन्धि कार्यविधि, २०८१

निर्णय नं. (७) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका, वडा नं. ३ को कार्यालय भवन निर्माण सम्पन्न भई मिति २०८१/०५/०८ गतेका दिन समुद्घाटन भएर नयाँ भवनबाट सेवा प्रवाह सुचारु भएकोमा वडा कार्यालय निर्माणका समयमा निर्माण व्यवसायि श्री वेहडाबाबा निर्माण सेवा प्रा.लि. ले स्थानीय श्रमिकहरुको ज्याला, स्थानीय निर्माण सामाग्री संकलन वापतको रकम र स्थानीय व्यापारीहरुको खाधन्न लगायतका

समानहरुको भुक्तानी रकम हालसम्म भुक्तानी नभएको भनि कार्यालय उद्घाटन गर्दा सम्बन्धित स्थानीयहरुबाट भुक्तानी माग राखी वडा कार्यालयमा तालाबन्दी गरेकोमा भुक्तानी बिन बाकी रहेका स्थानीयहरुको सहजताका लागि गा.पा.मार्फत आवश्यक सहजिकरण गर्ने र आजके मितिबाट तालाबन्दी गर्नेहरु लाई तालाखोल्न आह्वान गर्ने। अन्यथा दैनिक सेवाप्रवाहलाई सुचारु गर्न तालाबन्दी खोल्नका लागि जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. (८) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिका मार्फत उपभोक्ता/लाभग्राही समिति बाट सञ्चालित योजना/कार्यक्रमहरुमा विगत आ.व.हरुमा २० प्रतिशत भन्दा बढी लागत सहभागिता राखि योजना तथा कार्यक्रमहरु कार्यान्वयन भईरहेकामा कार्यान्वयनका क्रममा उक्त लागत सहभागिता प्रतिशत अव्यवहारीक देखिएकाले यस आ.व.देखी सञ्चालनहुने कार्यक्रमका लागि बढीमा १० प्रतिशत लागत सहभागिता हुने गरी कार्यान्वयन गराउने गरी यस गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ को परिच्छेद ३ मा थप गरी कार्यान्वयन निर्णय सर्व सहमतिले पारित गरियो।

निर्णय नं. (९) माथि छलफल गर्दा यस शिवनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने विभिन्न शाखाहरुको वार्षिक बजेट तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

वहुक्षेत्रीय पोषण योजना

| क्र.स. | क्रियाकलापहरु | जम्मा रकम | स्रोत(नेपाल सरकार,प्रदेश,स्थानीय तह र विकाश साझेदार |
|---|---|---|---|
| १. | पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | ७०,०००। | स्थानीय तह |
| २. | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | ९०,०००। | स्थानीय तह |
| ३. | पोषण सहजकर्ता पारिश्रमिक | १,३०,०००। | स्थानीय तह |
| ४. | कुपोषित वालवालिकालाई पोषिलो सामाग्री वितरण | १,२०,०००। | स्थानीय तह |
| ५. | ओ.टि.सि. स्थापना तथा सञ्चालन | ९०,०००। | स्थानीय तह |
| | कुल जम्मा | ५,००,०००। | |

निर्णय प्रमाणित

कृषि विकास शाखा

| क्र.स. | कार्यक्रम | इकाई | बार्षिक कार्यक्रमको लक्ष्य | | कै. |
|---|---|---|---|---|---|
| | | | इकाई | बजेट | |
| १ | ८० % अनुदानमा हिउँदे तरकारीको उन्नत बीउ वितरण कार्यक्रम | पटक | १ | २, ५०, ०००/- | |
| २ | बाली संरक्षण आकस्मिक सेवा | पटक | १ | १, ८०, ०००/- | |
| ३ | ८० % अनदानमा अन्नत आलु वीय वितरण कार्यक्रम | पटक | १ | ८०, ०००/- | |
| ४ | ९० % अनुदानमा व्यवसायीक किसानहरुलाई पोलिहाउस वितरण कार्यक्रम (प्लाष्टिक) | पटक | १ | ५, ००, ०००/- | |
| ५ | ९० % थोपा सिचाई खरिद वितरण कार्यक्रम | पटक | १ | १, २०, ०००/- | |
| ६ | ८० % अनुदानमा अदुवा र बेसार खरिद वितरण कार्यक्रम | पटक | १ | १, ००, ०००/- | |
| ७ | मकै वालीमा लाग्ने अमेरिकन फौजी किरा नियन्त्रणको लागि बिषादी खरिद वितरण कार्यक्रम | पटक | १ | १, ५०, ०००/- | |
| ८ | ८० % अनुदानमा बर्खे फलफूलको वोट विरुवा वितरण कार्यक्रम | पटक | १ | १, ००, ०००/- | |
| ९ | ८० % अनुदानमा हिउँदे फलफूलको वोट विरुवा वितरण कार्यक्रम | पटक | १ | ५०, ०००/- | |
| १० | ८० % अनुदानमा बर्खे तरकारीको उन्नत वीउ वितरण कार्यक्रम | पटक | १ | २, १०, ०००/- | |
| ११ | कृषक पाठशाला सञ्चालन कार्यक्रम | पटक | १ | १, २०, ०००/- | |
| १२ | सामाग्री ढुवानी | | | ८०, ०००/- | |
| १३ | कार्यक्रम अनुगमन तथा भ्रमण खर्च | | | १, ६०, ०००/- | |
| | जम्मा | | | २१,००, ०००/- | |

पशु विकास शाखा

| क्र.स. | कार्यक्रम | इकाई | बार्षिक कार्यक्रमको लक्ष्य | | कै. |
|---|---|---|---|---|---|
| | | | इकाई | बजेट | |
| १ | आन्तरिक वाह्य परजिवी विरुद्ध लगायत अन्य औषधीहरु खरिद कार्यक्रम | पटक | १ | ६,०४, ०००/- | |
| २ | ५० % अनुदानमा वाखा, कुखुरा, बगुंरपालन व्यवसायीक फर्म दर्ता कार्यक्रम | पटक | १ | ३, ६०, ०००/- | |
| ३ | फिल्ड अनुगमन भत्ता र भ्रमण खर्च | | | १, ४०, ०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पशुपन्छीमा लाग्ने संक्रामक महामारी रोग र अन्य रोगहरु, परजीवी नियन्त्रणका लागि औषधी र खोप व्यवस्थापन कार्यक्रम | पटक | १ | ३८, ५००/- | |
| ५ | मिनिरल ब्लक र मिनिरल पाउडर, क्याल्सियम लगायत अन्य औषधी आहार व्यवस्थापन खरिद गरी वितरण कार्यक्रम | पटक | १ | ३३, ०००/- | |
| ६ | बर्डिजो लगायत अन्य उपकरण सामाग्रीहरु खरिद | पटक | १ | ३८, ५००/- | |
| ७ | कृषि, पशुपन्छी, जडीबुडी बीमा सम्बन्धी अभिमुखिकरण १ दिने गा.पा. स्तरीय तालिम | पटक | १ | ५०, ०००/- | |
| | ढुवानी खर्च | पटक | १ | ५०, ०००/- | |
| जम्मा | | | | १५,००, ०००/- | |

शिक्षा, युवा तथा खेलकुद शाखा

| क्र.स. | क्रियाकलापहरु | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १. | स्थानीय पाठ्य सामाग्री विकास/निर्माण | ४,००,०००। | |
| २. | बालविकास सहजकर्तालाई क्षमता विकास तालिम | १,२५,०००। | |
| ३. | आधारभुत र माध्यमिक तहका शिक्षकहरुलाई क्षमता विकास तालिम | २,५५,०००। | |
| ४. | अध्यक्षसँग विद्यार्थी कार्यक्रम | १,००,०००। | |
| ५. | शैक्षिक क्यालिन्डर छपाई | १,००,०००। | |
| ६. | कक्षा ८ को परिक्षा व्यवस्थापन | २, ००, ०००/- | |
| ७. | गाउँ शिक्षा समिति बैठक | ७०, ०००/- | |
| ८. | गाउँ शिक्षा योजना निर्माण | १, ००, ०००/- | |
| ९. | विद्यालय अनुगमन तथा सुपरिवेक्षण | ५०, ०००/- | |
| १०. | शिक्षक डायरी निर्माण | १, ००, ०००/- | |
| | कुल जम्मा | १५,००,०००। | |

वास इकाई

| क्र.स. | कार्यक्रम | इकाइ | वार्षिक कार्यक्रम लक्ष्य | |
|---|---|---|---|---|
| | | | परिमाण | बजेट |
| १. | पालिका स्तरिय उपभोक्ता समिति सञ्चाल समितिलाई वास बोर्ड सम्बन्धि तालिम (२ दिने) | पटक | १ | ६०००० |
| २. | वडा स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समितिलाई पूर्ण सरसफाई सम्बन्धि तालिम सञ्चालन | पटक | ६ | १७०००० |
| ३. | गाउँपालिका स्तरिय खानेपानी तथा सरसफाइ स्वच्छता व्यवस्थापन समितिको बैठक खर्च | पटक | २ | २०००० |
| ४. | ३ तारा अभिबृद्धि सम्वन्धि विद्यालय स्तरमा २ दिने तालिम | पटक | ६ | १७०००० |
| ५. | ३ तारा सुनिश्चता भएका ६ वटा विद्यालय र ४ वटा पूर्ण सरसफाई नमुना टोलमा अनुगमन तथा पूर्ण सरसफाइ र ३ तारा सम्बन्धि योजना स्तरमा पुर्नताजगीय १ दिने तालिम सञ्चालन | पटक | १० | ८०००० |
| | जम्मा | | २६ | ५०००००। |

मेडपा कार्यक्रम

| क्र.स. | कार्यक्रम को नाम तथा विवरण | सहभागि संख्या जनामा | बजेट रु | बजेट प्रतिशत |
|---|---|---|---|---|
| १ | उद्यम विकासका लागी सामाजिक परिचालन | ६० | ५०,००० | ५% |
| २ | उद्यमशिलता विकास तालिम | ६० | १२०,००० | १२% |
| ३ | मागमा आधारित प्राविधिक शिपविकास तालिम | ५० | ४००,००० | ४०% |
| ४ | उपयुक्त प्रविधि हस्तान्तरण तथा अनुदान | सामुहिक रुपमा वा १० जनालाई | २२०,००० | २२% |
| ५ | लघुवित्तमा पहुच र बजारिकरणमा सहयोग | ५० | ८०,००० | ८% |
| ६ | अनुगमन तथा उद्यम विकास समिति बैठक भत्ता र प्रशासनिक खरिद | - | १३०,००० | १३% |
| | | कुल जम्मा | १०,००,००० | १००% |